यस गरिमामय गाउँसभाको उन्नाइसौँ अधिबेशनको अध्यक्षता गरिरहनु भएका गाउँपालिका अध्यक्षज्यू, छ वटै वडाका वडाध्यक्ष ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, मार्मा गाउँपालिकाका शाखा प्रमुख ज्यूहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट सार्वजनिकीकरण समारोहमा हाम्रो निमन्त्रणालाई सहर्ष स्वीकार गरी गरिमामय उपस्थितिका साथ पाल्नुभएका सम्पूर्ण महानुभावहरूलाई मार्मा गाउँपालिका परिवार तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत, सम्मान तथा आभार व्यक्त गर्दछु।नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम मार्मा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित गाउँसभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान, समर्पण र लामो लोकतान्त्रिक संघर्षको गौरवपूर्ण उपलब्धि हो। यस ऐतिहासिक अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन तथा भदौ २३ र २४ को नवपुस्ताहरू (GEN-Z) लगायत विभिन्न राजनीतिक तथा सामाजिक परिवर्तनका आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता हुनुभएका नागरिकहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। राष्ट्र निर्माण, लोकतान्त्रिक प्रणालीको संस्थागत विकास तथा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनामा योगदान पुर्‍याउनुहुने सम्पूर्ण अग्रज नेतृत्वप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु।

हालसम्म हासिल भएका उपलब्धिहरूलाई थप सुदृढ, संस्थागत र दिगो बनाउँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४,मार्मा गाउँपालिकाको आवधिक योजना तथा यस सम्मानित गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य र प्राथमिकताहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यका साथ आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट यस सम्मानित गाउँसभासमक्ष प्रस्तुत गर्न गइरहेको छु।

## आ व २०८३/०८४ को बजेट निर्माण गर्दा तपसीलका पक्षहरुमा ध्यान दिएको छु ।

बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय तथा प्रदेश सरकारका नीति–सिद्धान्तहरूका साथै मार्मा गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आर्थिक ऐन २०८३, विनियोजन ऐन २०८३ र गाउँसभा सदस्यज्यूहरू तथा आम नागरिकबाट प्राप्त सुझावहरूलाई आधार बनाइएको छ।

- गाउँपालिकाको भौगोलिक अवस्था, सामाजिक संरचना, आर्थिक अवस्था तथा सांस्कृतिक विविधतालाई समेट्दै बजेटलाई व्यवहारिक र स्थानीय आवश्यकतामुखी बनाइएको छ।
- "समृद्ध मार्मा, सुखी मार्माली" भन्ने दीर्घकालीन सोचलाई आत्मसात गर्दै जनउत्तरदायी, पारदर्शी, परिणाममुखी र कार्यान्वयनयोग्य बजेट निर्माण गरिएको छ।
- दिगो विकासका लक्ष्य, १६औं योजनाका उद्देश्य तथा गाउँपालिकाको आवधिक योजना र मध्यमकालीन खर्च संरचनालाई आधार मानी योजना तथा कार्यक्रमहरू समावेश गरिएको छ।
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड तथा गाउँपालिकाको आन्तरिक स्रोतलाई यथार्थपरक रूपमा विश्लेषण गरी बजेट तर्जुमा गरिएको छ।
- संघीयताको मर्म र स्थानीय आवश्यकतालाई ध्यानमा राख्दै सीमित स्रोत साधनभित्र पनि सन्तुलित र समन्यायिक विकास हुने गरी बजेट तयार गरिएको छ।
- नागरिकको स्वास्थ्य, सुरक्षा, शिक्षा, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा क्रमागत योजना सम्पन्नतामा विशेष जोड दिइएको छ।
- मानव संसाधन विकास, सीप अभिवृद्धि र रोजगारी सिर्जनालाई प्राथमिकतामा राख्दै आयआर्जनमुखी कार्यक्रमहरूलाई बजेटमा समेटिएको छ।

**उपस्थित महानुभावहरु,**

आगामी आर्थिक वर्षको बजेटको मूल उद्देश्य गाउँपालिकाका गौरवका आयोजनाहरूलाई समयमै सम्पन्न गर्नु तथा निर्माणाधीन योजनाहरूलाई प्राथमिकताका साथ पूर्णता दिने रहेको छ।

- गाउँपालिकामा विद्यमान गरिबी न्यूनीकरण गर्दै जीविकोपार्जनमा सुधार ल्याउने तथा स्रोत–साधनमा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्ने कार्यक्रमहरू सञ्चालन गरिने छन्।

- गाउँपालिकाको नीति, प्रणाली तथा संस्थागत संरचनामा सुधार ल्याउन आवश्यक बजेट व्यवस्था सहित सुधारमुखी कार्यक्रमहरू अघि बढाइने छन्।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई थप व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउन भौतिक पूर्वाधार विस्तारका साथै आवश्यक जनशक्ति व्यवस्थापनलाई प्राथमिकता दिइने छ।
- सुशासन, पारदर्शिता र जवाफदेहितालाई ध्यानमा राख्दै विकास कार्यक्रम तथा आयोजनाहरूलाई परिणाममुखी, विश्वसनीय र उत्पादनमुखी बनाउने उद्देश्य राखिएको छ।
- सामाजिक तथा आर्थिक रूपमा पछाडि परेका वर्ग, समुदाय तथा बेरोजगार युवाहरूलाई लक्षित गर्दै रोजगारी सिर्जना गरी आत्मनिर्भर बनाउने कार्यक्रम सञ्चालन गरिने छन्।
- पछाडि परेका, सिमान्तकृत तथा जोखिममा रहेका वर्गहरूलाई विकासको मूल प्रवाहमा समेट्दै समावेशी विकासलाई सुनिश्चित गरिने छ।
- उपलब्ध स्रोत, साधन, अवसर र क्षमताको अधिकतम उपयोग गर्दै गाउँपालिकाको पूर्वाधार विकासको सम्भावनालाई विस्तार गर्ने लक्ष्य लिइएको छ।

***उपस्थित महानुभावहरु***

आगामी आर्थिक बर्ष २०८३/०८४को मार्मा गाउँपालिकाको अनुमानित आय संघीय सरकार र सुदुरपश्चिम प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण, शसर्त, बिशेस अनुदान, राजश्व बाँडफाँड र मार्मा गाउँपालिकाको आन्तरिक आम्दानी देहाय बमोजिम पेश गर्दछु ।

- ✓ संघीय सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु.११ करोड |
- ✓ संघीय सरकारबाट प्राप्त हुने शसर्त अनुदान रु. १९ करोड ४४ लाख |
- ✓ संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान रु. १ करोड ४० लाख
- ✓ संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ६० लाख।
- ✓ संघीय सरकार राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ९ करोड ९८ लाख ३१ हजार |
- ✓ संघीय सरकार बाट प्राप्त हुने रोयल्टी बाफत रु ६५ लाख
- ✓ प्रदेश सरकार समानीकरण अनुदान रु. १ करोड १ लाख ८० हजार
- ✓ प्रदेश सरकार बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. २४ लाख ७५ हजार

- ✓ प्रदेश सरकार समपुरक अनुदान तर्फ रु. ३९ लाख २६ हजार
- ✓ प्रदेश सरकार बिशेष अनुदान तर्फ रु. ५१ लाख
- ✓ प्रदेश शसर्त अनुदान रु. ४ करोड ४४ लाख
- ✓ आन्तरिक आय रु. ४१ लाख ८८ हजार
- ✓ स्थानीय राजश्व बाँडफाँड रु ३५ लाख
- ✓ चालु आ.वको मौज्जात रु ७८ लाख १२ हजार

माथि उल्लेखित संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, शसर्त अनुदान, राजश्व बाँडफाँड, बिशेस तथा समपुरक अनुदान, मार्मा गाउँपालिकाको आन्तरिक आम्दानी र चालु आ.वको मौज्जात समेतका आधारमा आगामी आर्थिक वर्ष २०८३/०८४ को कुल बजेट रु ५१ करोड २३ लाख १२ हजार अनुमान गरेको छु ।

**उपस्थित महानुभावहरु ,**

अब म आर्थिक बर्ष २०८३/०८४ को व्ययको अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।
गाउँपालिकाको कुल विनियोजित बजेट रु ५१ करोड २३ लाख १२ हजार मध्ये चालु तर्फ रु ३७ करोड ३५ लाख ५ हजार (७२.९०प्रतिशत), पुजीगततर्फ रु १३ करोड ८८ लाख ७ हजार (२७.०९प्रतिशत) व्यय अनुमान गरेको छु ।

**आर्थिक बर्ष २०८३/०८४ को बजेट सारांश तपसिल अनुसार रहेको छ |**

**१) भौतिक पूर्वाधार विकासको क्षेत्र**

- पारिबगड–घोल्जर–परमचुली सडकलाई पालिकाको रणनीतिक सडकका रूपमा प्राथमिकतामा राखी संघीय समपूरक अनुदानबाट रु. ६० लाख र पालिकाको रु. २० लाख साझेदारीमा कुल रु. ८० लाख विनियोजन गरी निर्माण तथा स्तरोन्नति गरिनेछ।

- भैसे–शेरी–सिरोली–पत्थरकाडा हुँदै निम्ठा जोड्ने ग्रामीण सडक सञ्जाललाई सुदृढ बनाउन पालिका स्तरबाट रु. ३५ लाख विनियोजन गरिएको छ, जसले स्थानीय आवागमन सहज बनाउँदै ग्रामीण कनेक्टिभिटी विस्तारमा सहयोग पुऱ्याउनेछ।
- तपोवन–हडे–बार्कु सडकमार्फत यातायात पहुँच विस्तार गरी स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउन रु . ३५ लाख रकम विनियोजन गरेको छ।
- लाम्बगड–मटेला सडकको स्तरउन्नतीका लागि प्रदेश समपूरक अनुदान रु. २० लाख र पालिकाको रु. ६ लाख साझेदारीमा कुल रु. २६ लाख विनियोजन गरेको छ।
- सितोला स्वास्थ्य चौकीको स्तरोन्नति, उचित व्यवस्थापन र भौतिक सुरक्षाका लागि घेरपर्खाल निर्माण कार्य सञ्चालन गरिनेछ। यस आयोजनाका लागि प्रदेश समपूरक अनुदान तर्फ रु. १९ लाख २६ हजार र पालिका साझेदारी कोषबाट रु. ५ लाख ७८ हजार गरी कुल **रु. २५ लाख ४ हजार** विनियोजन गरिएको छ।
- दिगो शैक्षिक पूर्वाधार: अधुरा योजना निरन्तरता र नयाँ भवन निर्माण:
  - **दुर्गेश्वरी मा.वि. ताकु (मार्मा-१):** यस बिद्यालय दुई कोठे भवन निर्माण कार्य सम्पन्न गर्न **रु. ९ लाख** बिनियोजन गरेको छु ।
  - **दुर्गा माध्यमिक विद्यालय च्युरानी (मार्मा ३):** यस बिद्यालय दुई कोठे भवन निर्माण कार्य सम्पन्न गर्न **रु. १२ लाख** बिनियोजन गरेको छु ।
  - **ध्रुवतारा आ.वि. तल्ला मौरे (मार्मा-६):** यस विद्यालयको दुई कोठे भवन निर्माण कार्य सम्पन्न गर्न **रु. ११ लाख** बिनियोजन गरेको छु ।
  - **भूमिराज आ.वि. गोल्फा (मार्मा-५):** यस विद्यालयको भौतिक पूर्वाधार सुधारका लागि नयाँ भवन निर्माण कार्य अगाडि बढाउन **रु. १० लाख** बिनियोजन गरेको छु।
  - **शिवालिङ्ग मावि पथ्थरकाडाँ मार्मा ६ घेरपर्खाल निर्माणको** लागि रु ८ लाख बजेट बिनियोजन गरेको छु।

  - चालु आ.व मा निर्माणाधीन **राष्ट्रिय शैक्षिक सुधार कार्यक्रम** अन्तर्गतका भवनहरूलाई पूर्णता दिन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

- **कृषि तथा पशु सेवा भवन निर्माण:** प्रशासनिक तथा प्राविधिक सेवा प्रवाह कार्यलाई सहज बनाउन भवन निर्माण गरिनेछ। यसका लागि संघीय ससर्त अनुदानतर्फ रु. ३५ लाख र पालिका साझेदारी कोषबाट रु. २५ लाख गरी कुल **रु. ६० लाख** विनियोजन गरिएको छ।
- **वडा नं. ३ कार्यालय भवन निर्माण:** नागरिक सेवा प्रवाहलाई छिटो, छरितो, सुविधासम्पन्न र प्रविधिमैत्री बनाउन वडा कार्यालयको आफ्नै भवन निर्माण कार्य अघि बढाइनेछ। यस आयोजनाका लागि पालिका स्रोतबाट रु ३० लाख बजेट विनियोजन गरिएको छ।
- **गाउँपालिका पूर्वाधार मर्मत सम्भार कोष:** निर्मित विकास संरचनाहरूको निरन्तर हेरचाह, मर्मत तथा बाढी-पहिरो जस्ता विपदबाट क्षतिग्रस्त योजनाहरूको तत्काल पुनर्निर्माण र सुदृढीकरण गर्न एक विशेष आकस्मिक कोषको व्यवस्था गरिएको छ। यस कोषका लागि **रु. ६० लाख** विनियोजन गरेको छु।
- **काकडी झोलुंगे पुल निर्माण:** स्थानीय पहिचान र पूर्वाधार विकासका लागि संघीय ससर्त अनुदानबाट २० लाख र पालिकाबाट २ लाख गरी कुल **२२ लाख रुपैयाँ** विनियोजन गरेको छु।

### २) आर्थिक विकास

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण तथा उत्पादनशीलतामा गुणात्मक परिवर्तन ल्याउने उद्देश्यले **संघीय सरकारको विशेष कार्यक्रमअन्तर्गत रु. १ करोड ४० लाख लागतको कृषि प्रवर्द्धन कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- कृषि क्षेत्रलाई आयमुखी बनाउँदै किसानको आम्दानी वृद्धि, स्थानीय रोजगारी सिर्जना तथा युवा–महिला उद्यमशीलता प्रवर्द्धन गर्ने उद्देश्यले **व्यवसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रम** सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- मार्मा गाउँपालिकामा संचालनमा रहेको **एक गाउँ एक उत्पादन कार्यक्रमलाई** निरन्तरता दिई आवश्यक बजेटको व्यवस्थापन गरेको छु |
- **"कुटो–कोदालो औजार छ हातमा: मार्मा सरकार छ किसानको साथमा"** भन्ने मूल नारालाई सार्थक बनाउन वास्तविक किसानको पहिचान, न्यायोचित कृषि अनुदान वितरण तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालनका लागि **आवश्यक बजेट विनियोजन गरिएको छ।**
- कृषि क्षेत्रमा हुने जोखिम न्यूनीकरण गर्दै कृषकको लगानी सुरक्षित गर्न **कृषि बिमा** कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार तथा कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजित गरेको छु।

- संघीय सरकारसँग समन्वय गरी स्याउ तथा ओखर पोकेट कार्यक्रम सञ्चालन गर्दै व्यावसायिक बगैँचा विस्तार, उत्पादन वृद्धि, मूल्य शृंखला सुदृढीकरण तथा उच्च पहाडी कृषि सम्भावनाको उपयोगमार्फत किसानको आय वृद्धि र कृषि विविधीकरण सुनिश्चित गर्न रु १२ लाख बिनियोजन गरेको छु।
- नश्ल सुधार सेवा कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान मिसन कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्थापन सहित निरन्तरता दिएको छु |
- पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई सुदृढीकरण गर्दै आयआर्जन वृद्धि र स्वरोजगार सिर्जना गर्ने उद्देश्यले आवश्यक पूर्वाधार निर्माण, व्यवसायीकरण तथा पशु वितरण कार्यक्रमलाई निरन्तरता दिँदै यस क्षेत्रको उत्पादनशीलता र मूल्य शृंखला विकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- गाउँपालिकालाई दूधमा आत्मनिर्भर बनाउने उद्देश्यले भैंसी पकेट कार्यक्रमलाई निरन्तरता दिँदै उत्पादन लागत न्यूनीकरणका लागि घाँस खेती विस्तार तथा प्रवर्द्धनमा विशेष जोड दिइनेछ, यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।
- स्थानीय बेरोजगारहरु युवाहरुलाई रोजागारी प्रदान गर्न रास्ट्रिय रोजगार एवम् युवा रोजगारीका लागि संघीय सरकारबाट रु.११लाख ४७ हजार प्राप्त बजेटमा पालिकाबाट शतप्रतिशत रु. ११ लाख ४७ हजार थप गरि कार्यक्रमलाई निरन्तरता दिएको छु | रास्ट्रिय रोजगार कार्यक्रमका लागि आवश्यक बाह्य सामाग्री आपूर्ति गर्न अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत बेरोजगार युवाहरुलाई गाउँपालिका भित्रै रोजगारी सिर्जना गर्ने नीति अनुसार थप रु.२० लाख बजेट बिनियोजन गरि कार्यक्रममा निरन्तरता दिएको छु |
- रोजगारी तथा आयआर्जनको प्रमुख स्रोतका रूपमा रहेका हाल सञ्चालनमा रहेका साना तथा मझौला उद्योगहरूलाई निजी तथा अन्य निकाय एवं लक (LACC) परियोजनासँगको साझेदारीमा थप व्यवस्थित गर्दै उत्पादनको गुणस्तर सुधार, क्षमता अभिवृद्धि तथा बजारीकरणलाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइनेछ।
- स्थानीय उद्यम र उद्यमी प्रवर्द्धन गर्दै स्वरोजगार सिर्जना गर्ने उद्देश्यसहित पालिकामार्फत सञ्चालन भइरहेको लघुउद्यम विकास कार्यक्रमका लागि संघीय सरकारबाट प्राप्त बजेटलाई थप व्यवस्थित तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।
- **घोल्जर धार्मिक पर्यटकीय पूर्वाधार कार्यक्रम:** हाम्रो धार्मिक तथा सांस्कृतिक पहिचान बोकेको यस क्षेत्रको संरक्षण र आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार निर्माण कार्य अघि बढाइनेछ। विगतदेखि अधुरो रहेका संरचनालाई सम्पन्न गर्न **रु. १० लाख** बजेट विनियोजन गरेको छु।

- **पर्यटन तथा खेलकुद विकास कार्यक्रम:** युवाहरूलाई खेलकुद र स्थानीय अर्थतन्त्रलाई पर्यटनसँग जोड्ने उद्देश्यका साथै **लटिनाथ पर्यटकीय पूर्वाधार कार्यक्रम** र **तपोवन खेल मैदान पूर्वाधार निर्माण** कार्य अगाडि बढाइनेछ। यसका लागि आवश्यक बजेटक व्यवस्था मिलाएको छु।

### ३) सामाजिक विकास

- स्वास्थ्य क्षेत्र सुधार तथा व्यवस्थापन गर्न संघीय सरकारबाट प्राप्त भएको स्वास्थ्य क्षेत्र व्यवस्थापन अन्तर्गत क्षमता बिकास, स्वास्थ्यकर्मी परिचालन, बिशेषज्ञ स्वास्थ्य सेवा, यान्त्रिकीकरण, स्वास्थ्यकर्मी प्रोत्साहन, महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई थप प्रोत्साहन सहित **रु. २ करोड ४८ लाख १० हजार** बजेट विनियोजन गरेको छु ।
- १० शैय्या मार्मा आधारभूत अस्पताको आवश्यक औषधि, जनशक्ति तथा अन्य स्रोत–साधनको व्यवस्थापनका लागी आवश्यक बजेट व्यवस्थापन गरेको छु। स्वीकृत दरबन्दीअनुसार स्वास्थ्यकर्मीको पदपूर्ति गरी अस्पताललाई प्रभावकारी, गुणस्तरीय र नियमित सेवासहित पूर्ण क्षमतामा सञ्चालन गरिनेछ।
- १० शैय्या मार्मा आधारभुत अस्पतालबाट सेवा थप चुस्त दुरुस्त बनाउन आवश्यक उपकरणका लागि प्रदेश सरकारको विशेष अनुदान मार्फत रु. २० लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु।
- समुदाय स्तरमा सेवा प्रदान गर्दै आइरहेका स्वास्थ्य समाजको मेरूदण्डको रूपमा रहेका महिला स्वास्थ्य स्वयं सेविकाहरूको योगदानको कदर गर्दै सशर्त अनुदान कार्यक्रममा थप रु ४ लाख ९० हजार बजेट बिनियोज गरिएको छ।
- अध्यक्ष संग नागरिक स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरि ग्रामिण समुदायहरूमा नागरिकहरूलाई चिकित्सक बाट स्वास्थ्य परिक्षण गरिने छ ।यस कार्यक्रका लागि आवश्यक बजेट बिनियोजन गरि कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- उपाध्यक्ष संग प्रसुती पोषण कोशेली अनुदान कार्यक्रमलाई निरन्तरता दिदै आवश्यक बजेट बिनियोजन गरेको छु ।
- "म स्वास्थ्य, मेरो समुदाय स्वास्थ्य" भन्ने नारासहित घर–टोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिँदै आधारभूत स्वास्थ्य सेवा, नियमित जाँच, रोगको प्रारम्भिक पहिचान र रोकथाम, पोषण तथा सरसफाइसम्बन्धी

जनचेतना, नसर्ने रोग नियन्त्रण तथा समुदायस्तरमा स्वास्थ्य सचेतना अभिवृद्धि गरी स्वस्थ, सक्षम र उत्पादक जनशक्ति विकासका लागि आवश्यक बजेट व्यवस्था गरिको छ।

- मनोपरामर्श सेवामार्फत विदेशबाट फर्केकालाई समाजमा घुलमिल हुन सहयोग, लागुऔषध न्यूनीकरणका लागि सचेतना तथा आत्महत्या निरुत्साहनका लागि मनोसामाजिक परामर्श र निरन्तर सहयोग सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

- आधारभूत अस्पताल, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई र बर्थिङ सेन्टरहरूमा कार्यरत कर्मचारीहरूको मनोबल बढाउन प्रोत्साहन सहित पारिश्रमिक वृद्धि गरिनेछ, यसका लागि **रु. २ करोड ५ लाख** बजेट विनियोजन गरेको छ।
- पालिकाको समग्र शैक्षिक क्षेत्र सञ्चालन, उचित व्यवस्थापन र विद्यमान समस्याहरू समाधान गर्न संघीय सरकारबाट प्राप्त अनुदानमा पालिकाको स्रोत थप गरिएको छ। शिक्षा क्षेत्रको सुधार र कर्मचारीहरूको प्रोत्साहन सहित पारिश्रमिक वृद्धि गरिनेछ, यसका लागि कुल **रु. ३ करोड ५६ लाख** बजेट विनियोजन गरेको छ।साथै यसै बजेट अन्तर्गत लटिनाथ बहुमुखी क्याम्पस लगायतका विद्यालयहरूलाई आवश्यकताका आधारमा अनुदान उपलब्ध गराउन **रु. ४५ लाख** व्यवस्था मिलाएको छ।

- प्रदेश विशेष कार्यक्रम अन्तर्गत शिक्षण सिकाइलाई प्रभावकारी बनाउन, क्षमता अभिवृद्धि गर्न र संस्थागत सुधार मार्फत समग्र शैक्षिक गुणस्तर उकास्न **रु. ३० लाख ५० हजार** विनियोजन गरेको छ।
- पालिका स्तरीय रास्ट्रपति रनिंग शिल्ड प्रतियोगिता, मार्मा प्रिमियर लिग (MPL) सिजन ३, पुरुष र महिला भलिबल प्रतियोगिता जस्ता खेलकुद संचालन गर्न एवम मार्मा गाउँपालिकाको खेलकुद क्षेत्रको पहिचान बढाउन र खेलाडीहरु लाई प्रोत्साहन गर्ने नीति अनुरुप कार्यक्रम निरन्तरताका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

- विद्यालय तहको पोषण र शैक्षिक वातावरण सुधार्न दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोडिनेछ। यसबाट विद्यार्थीले पोषणयुक्त खाजा पाउने र स्थानीय किसानको उत्पादन खपत भई ग्रामीण अर्थतन्त्रमा टेवा पुग्नेछ। यस कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक भान्छे व्यवस्थापन,पूर्वाधार सुधारका लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- चिकित्सा शास्त्रमा उच्च शिक्षा अध्ययनका लागि हाल प्रदान गर्दै आएको एम.बि.बि.एस. छात्रवृत्तिलाई थप व्यवस्थित बनाई आवश्यक बजेट व्यवस्थापन गरेको छु।

- **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना**: यस परियोजना अन्तर्गत चालु आर्थिक वर्षदेखि सुरु भएका मुर्रे र हडे पडपडा बहुउपयोगी योजना तथा तल्लो सार्शी र जुड़े खानेपानी तथा सरसफाइ योजनाहरूलाई आगामी वर्षभित्रै सम्पन्न गर्न बजेट सुनिश्चित गरेको छ। आगामी दिनमा क्रमागत तथा थप योजनाहरू कार्यान्वयन गर्न तथा यस परियोजनामा साझेदारी बढाउन पालिकाको तर्फबाट **रु. ६५ लाख** सहलगानी बाफत रकम विनियोजन गरेको छु साथै आवश्यकताका आधारमा थप सहलगानी रकमसमेत थप्न सकिने व्यवस्था मिलाएको छु।
- **इलाका प्रहरी कार्यालय लटिनाथ (महिला सुरक्षित भवन) निर्माण:** समाजमा शान्ति सुरक्षा कायम राख्न खटिने सुरक्षा निकायको सेवालाई व्यवस्थित बनाउन र विशेष गरी महिला कर्मचारी तथा महिला सेवाग्राहीहरूको सम्मानजनक र सुरक्षित आवासका लागि भवन निर्माण गरिनेछ, यस कार्यका लागि **रु. १० लाख** विनियोजन गरेको छु।
- **उपाध्यक्षसँग एकल महिला कार्यक्रम:** एकल महिलाहरूको आर्थिक, सामाजिक तथा मनोसामाजिक सशक्तीकरणका लागि यस कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरताका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

४) **वन वातावरण तथा विपद व्यवस्थापन**:

- पालिकाभित्र उत्पादित फोहोरमैलाको आधुनिक र वैज्ञानिक व्यवस्थापनका लागि ल्याण्डफिल साइट निर्माण कार्य अघि बढाउन **रु. २५ लाख** विनियोजन गरिएको छ।
- जलवायु परिवर्तनका असर कम गर्न लक (LACC) परियोजना मार्फत फलफूल खेती र पूर्वाधार विकास गरी स्थानीयस्तरमै रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। यसका साथै पालिकाभित्रका पहिरो प्रभावित क्षेत्रहरूमा बायोइन्जिनियरिङ्ग र वृक्षारोपण विधिबाट जोखिम न्यूनीकरणका कार्यहरू सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु।
- सडक किनारको संरक्षण र हरियाली प्रवर्द्धनका लागि सार्वजनिक साझेदारीमा वृक्षारोपण कार्यक्रम चलाइनेछ। वन जंगल र भीरपाखामा लाग्ने डढेलोबाट हुने क्षति रोक्न सचेतनामूलक अभियानका साथै **स्थलगत डढेलो नियन्त्रणका कार्यहरू** अघि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु।
- **"हरेक नागरिकको विपदमा: मार्मा सरकार छ साथमा"** भन्ने सङ्कल्पका साथ विपद् पूर्वतयारी, प्रतिकार्य, व्यवस्थापन र क्षमता विकासका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ। पालिकामा **आकस्मिक**

**कार्य सञ्चालन तथा पूर्व सूचना प्रणाली** स्थापना गर्न विभिन्न संघ-संस्थाहरूसँग आवश्यक समन्वय र साझेदारीका लागि रु २० लाख बजेटको व्यवस्थापन गरेको छ।

**५) सुशासन तथा संस्थागत विकास:**

- राष्ट्रसेवक कर्मचारीहरूको मनोबल बढाउन प्रोत्साहन सहित पारिश्रमिक वृद्धि गरिनेछ, साथै सेवा प्रवाहलाई सुशासनयुक्त, नतिजामुखी र पारदर्शी बनाइने छ ।
- कर्मचारीहरूको सुरक्षित भविष्य र सामाजिक सुरक्षाका लागि **सामाजिक सुरक्षा कोष तथा कर्मचारी कल्याण कोष आबद्धता** कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेटको प्रबन्ध मिलाएको छ।
- कर्मचारी प्रशासनलाई चुस्त बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) लाई अध्यावधिक गरी लागू गरिनेछ।
- नागरिकलाई गाउँघरमै सहज स्वास्थ्य सेवा उपलब्ध गराउन **बग्जेबला सामुदायिक स्वास्थ्य इकाई** र **मर्मति सामुदायिक स्वास्थ्य इकाई** स्थापना गरी आवश्यक कर्मचारी व्यवस्थापन सहित सञ्चालनमा ल्याइनेछ। यी दुवै स्वास्थ्य इकाईहरूको स्थापना, सञ्चालन एवं उचित व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- गाउँपालिका न्यायिक समितिबाट सम्पादन गरिने क्रियाकलापहरुलाई संचालन गर्न तथा व्यवस्थापन गर्न आगामी आ.व.मा पनि कार्यक्रम निरन्तरता दिन रु.१० लाख बजेट बिनियोजन गरेको छ ।
- वडा कार्यालयहरुबाट संचालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि **रु.१ करोड ७० लाख** बजेट बिनियोजन गरेको छ ।
- पालिका एवम वडा कार्यालय,स्वास्थ्य सस्था ,बिद्यालय सुचना प्रबिधिमैत्रि बनाउन तथा पेपरलेस बनाउन सेवा छिटो छरितो, चुस्त दुरुस्त बनाउन इन्टरनेट जडान तथा भरपर्दो तुल्याउन आवश्यक बजेटको व्यवस्थापन गरेको छ |

अन्तमा बजेट निर्माणका क्रममा सहयोग गर्नु हुने मार्मा गाउँपालिका अध्यक्ष ज्यु, जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, लगायत बजेट निर्माणमा सुझाव प्रदान गर्ने सम्पूर्ण महानुभावहरुमा हृदय देखि आभार प्रकट गर्न चाहन्छु। बजेट कार्यान्वयनमा समेत यँहाहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

**!!!**

# धन्यवाद